# प्यूठान नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान, प्रदेश नं. ५, नेपाल

## करारमा सेवा लिने सम्बन्धी सूचना
**(सूचना प्रकाशित मिति : २०७५/०५/०३)**

यस नगरपालिकाको नगरसभाबाट प्रत्येक वडामा १ (एक) जना सामाजिक परिचालक राख्ने भनी निर्णय भएबमोजिम हाल २ (दुई) जना सामाजिक परिचालक अपुग भएको हुँदा देहायको संख्या र योग्यता भएका सामाजिक परिचालकहरु करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फारम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवबाइट www.pyuthanmun.gov.np बाट उपलब्ध हुनेछ ।

| पदको नाम | कार्यक्षेत्र | संख्या |
|---|---|---|
| सामाजिक परिचालक | वडा नं. ४ (चार) | १ (एक) |
| सामाजिक परिचालक | वडा नं. ९ (नौ) | १ (एक) |

**१. शैक्षिक योग्यता र अनुभव :**

क) नेपाली नागरिक ।

ख) न्यूनतम योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा कक्षा १२ वा सो सरह उत्तीर्ण वा प्रवेशिका परीक्षा उत्तीर्ण गरी सिटिईभिटीवाट सम्वन्धन प्राप्त संस्थाहरुवाट सामाजिक परिचालन सम्वन्धी १२ महिने तालिम उत्तीर्ण गरेका विवाहित महिला वा एकल महिला वा अन्य महिला हुनु पर्नेछ । यसमध्ये आर्थिक, सामाजिक र साँस्कृतिक रुपमा पछि परेका विवाहित महिला उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।

ग) उम्मेदवार सम्वन्धित वडामा स्थायी वसोवास भएको हुनुपर्नेछ ।

घ) २१ वर्ष उमेर पुरा भएको ।

ङ) अन्य प्रचलित कानुनद्धारा अयोग्य नभएको ।

च) सामाजिक परिचालन तथा सामुदायिक विकासका क्षेत्रमा अनुभव भएकोलाई प्राथमिकता दिइनेछ ।

**२. दरखास्तमा संलग्न गर्नुपर्ने** : उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिएका सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।

**३. तलब, सुविधा** : मासिक रु. १२,०००/- (बाह्र हजार), चाडपर्व खर्च र पोशाक भत्ता ।

**४. दरखास्त दस्तुर** : रु. ५०० ।

**५. सेवा अवधि** : नियुक्ति भएको मितिदेखी २०७६ असार मसान्तसम्म ।

**६. परिक्षाको किसिम** : आवश्यकताअनुसार लिखित तथा अन्तवार्ता ।

**७. परिक्षा मिति, समय र स्थान** : दरखास्त दिने समय सकिएपछि जानकारी गराइनेछ ।

**८. दरखास्त दिने स्थान** : प्यूठान नगर कार्यपालिकाको कार्यालय, बिजुवार, प्यूठान ।